जनकपुरधाम उप-महानगरपालिका

जनकपृरधाम उँप-महानगरपानिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम,धनुषा

मधेश प्रदेश,नेपाल

पत्र संख्या :- २०८१/०८२

चलानी नं. :- ६३२

मिति : २०८१/०५/२४ गते

## सूचना! सुचना !! सुचना !!!

बिषय : कार्यालयको लागि घर भाडा लिने सम्बन्धमा ।

प्रस्तुत बिषयमा जनकपुरधाम उपमहानगरपालिका नगर कार्यपालिका कार्यालय प्रयोजनको लागि तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही घर-भाडा लिनुपर्ने भएकोले, ईच्छुक घर धनीहरुले सुचना प्रकाशित मितिले ७ दिन भित्र भाडामा दिन चाहेको घरको शर्तमा उल्लेखित विवरण खोली शिलबन्दी प्रस्ताव यस कार्यालयमा पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल :

१. सार्वजनिक निकायको नाम : जनकपुरधाम उप-महानगरपालिका,नगर कार्यपालिकाको कार्यालय, धनुषा ।
२. घरभाडा आवश्यक भएको क्षेत्र वा स्थान :जनकपुरधाम उप-महानगरपालिका ।
३. कम्तिमा ४ मिटरको सडकसंग जोडिएको हुनुपर्ने ।
४. उपरोक्त जग्गामा बनेको घर भूकम्प प्रतिरोधात्मक पिलर सिस्टमको हुनुपर्नेछ ।
५. आवासीय घरमा कम्तिमा ३ वटा कोठा, एउटा Common Toilet/Bathroom भएमा विशेष ग्राह्यता दिईनेछ र बाहिर कम्तिमा एक Toilet अनिवार्य हुनुपर्नेछ ।
६. Electrificatio, Plumbing, Toilet,कौशी र कम्पाउण्डको ढल निकासा व्यवस्थित हुनुपर्नेछ ।
७. पर्याप्त मात्रामा उज्यालो ( Natural Light ) हुने गरी झ्यालको व्यवस्था हुनुपर्नेछ ।
८. जग्गाको सबै तर्फ कम्पाउण्डवालले घेरिएको सुरक्षित र गाडी आवत-जावत गर्न सजिलो सुबिधा सहित गेटको व्यवस्था हुनुपर्ने ।
९. प्रस्तावसाथ् भवनको स्वीकृत नक्शा,निर्माण सम्पन्न प्रमाण-पत्र,प्रस्ताव गरेको जग्गा भाडाको दर-रेट,लाल पुर्जा,नेपाली नागरिकताको छायाँ प्रति र २०८०/०८१ सम्म कर तिरेको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।
१०. प्रस्तावित भाडा दरमा प्रचलित कानुन अनुसार कर कट्टी गरी सम्झौता अनुरुप भाडा भुक्तानी गरिनेछ ।
११. उपरोक्त जग्गामा बनेको घर बाहेक चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधन पार्किंगको लागि पर्याप्त खालि जग्गा सहित कम्पाउण्ड भएको हुनुपर्नेछ ।
१२. प्रस्ताव शिलबन्दी खाम भित्र पेश गर्नुपर्नेछ ।
१३. माथि उल्लेखित विवरण अनुसार व्यवस्था नभएको र म्याद गुज्रिसकेको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

.................

नि.प्रमुख प्रशासकीय अधिकृत